# गण्डकी गाउँपालिका

## स्थानीय राजपत्र

**खण्डः १०** **संख्याः १** **मितिः २०८३/०१/१०**


### भाग-२

### गण्डकी गाउँपालिका

### गण्डकी गाउँपालिकाको सार्वजनिक खरिद (पहिलो संशोधन) नियमावली

गण्डकी गाउँपालीकाको सार्वजनिक खरिद नियमावली -२०७७ लाई संशोधन गर्न वान्छनीय भएकोले, गण्डकी गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी गण्डकी गाउँपालीकाले देहाएको नियम बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) **गण्डकी गाउँपालिकाको सार्वजनिक खरिद (पहिलो संशोधन) नियमावली -२०७८** रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. गण्डकी गाउँपालिकाको सार्वजनिक खरिद नियमावली २०७७ को नियम १५ को उपनियम १ मा भएको संशोधनः(१) मुल नियमावलीको नियम ११ को उपनियम (१) ऐनको दफा ४१ को उपदफा (१) को खण्ड (क) बमोजिम खरिद गर्दा उपनियम (११) को अधिनमा रही प्रमुख प्रशासकीय अधिकृतको निर्णयले पाँच लाख रुपैंया सम्मको लागत अनुमान भएको निर्माण कार्य, माल सामान वा परामर्श सेवा सोझै खरिद गर्न सकिने छ।" को भन्ने वाक्यांशको सट्टामा

#ऐनको दफा ४१ को उपदफा (१) को खण्ड (क) बमोजिम खरिद गर्दा उपनियम (११) को अधिनमा रही प्रमुख प्रशासकीय अधिकृतको निर्णयले दश लाख रुपैयासम्मको लागत अनुमान भएको निर्माण कार्य, माल सामात वा परामर्श सेवा सोझै खरिद गर्न सकिने छ।" गरी संशोधन गरिएको छ।

३.संघीय सार्वजनिक खरिद नियमावलीसंग वाझीएको हदसम्म सोही संघीय सार्वजनिक नियमावली कार्यान्वयनमा ल्याउने।

प्रमाणीकरण मितिः२०७९/०२/१६

आज्ञाले
तुलसी राम आचार्य
प्रमुख प्रशासकीय अधिकृत